☎ ०७१-५५१२१६
सचिवः ९८५७०७५६६६
सूचना अधिकारीः ९७६४३४५६१२

# लुम्बिनी प्रदेश सरकार
# वन तथा वातावरण मन्त्रालय
राप्ति उपत्यका(देउखुरी ), दाङ

(प्रभात सापकोटा)
महाशाखा प्रमुख

## जडिबुटी तथा काष्ठजन्य उघम बिकासमा सहयोग कार्यक्रम
## प्रस्ताव पेश गर्ने सम्बन्धी विस्तृत सूचना
(प्रथमपटक प्रकाशित मिति २०८१/१०/१३)

यस मन्त्रालयको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वन उघम तथा पर्यापर्यटन प्रवर्धन कार्यक्रम तर्फको वन जडिबुटी तथा काष्ठजन्य उघम बिकासमा सहयोग कार्यक्रम(निजी, सहकारी, सामुदायिक, साझेदारी) कार्यन्वयन गर्नुपर्ने भएको हँदा इच्छुक यस प्रदेश भित्र रहेका वन समूह तथा वनजन्य उघम सम्बन्धी उद्देश्य भएको समूह तथा सहकारी ,निजि तथा साझेदारी संस्थाहरुले मिति २०८१/१०/२७ गते कार्यालय समय भित्र यस मन्त्रालय मातहतका डिभिजन वन कार्यालय (१४ वटै) वा वन तथा वातावरण मन्त्रालय, लुम्बिनि प्रदेशमा तोकिएको ढाँचामा अनुदानको लागि प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त हुन नआएको वा रीत नपुगेको आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

द्रष्टव्यः

१. प्रस्ताव मूल्याङ्कनका आधारमा प्रति समूह/संस्थालाई वढीमा रू. २० लाखसम्म अनुदान रकम उपलव्ध गराईनेछ । प्राप्त हुने अनुदान बरावरकै लागतको थप कार्य सम्बन्धित समूह / संस्थाले अनिवार्य व्यहोर्नु पर्ने हुँदा समूह/सँस्थाले वेहोर्ने रकम र कार्यहरू समेत स्पष्ट रूपमा प्रस्तावमा खुलाउनु पर्नेछ ।

२. चालु आर्थिक बर्षको जडिबुटी तथा काष्टजन्य उघम बिकासमा सहयोग ( निजि,सहकारी, सामुदायिक र साझेदारी )कार्यक्रमका लागी क देखी ण सम्मका बिषयसग सम्बन्धित प्रस्तावहरु मात्र हुनुपर्ने छ ।

क) काठको सिजनिङ,ट्रिटमेण्ट प्लाण्ट जडान, काठ, दाउरा र भुसको गणुस्तर अभिवृद्धि गर्ने वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालन,

ख) पार्टिकल वोर्ड, फाइवर वोर्ड, चिप बोर्ड, प्लाईउड, भेनियर आदि जस्ता उद्योग स्थापना सन्चालन,

ग) फर्निचर र काष्ठ प्रविधिका सुधारका कार्यक्रम सन्चालन (Finger joint समेत),

घ) चाक्लाको रुपमा ५.०० हेक्टर भन्दा बढीमा तोकिएका एकै प्रजातीको वृक्षारोपण (खयर, ,चिउरी,महुवा,तेजपात,अल्लो,ओखर, टिम्मुर अगरउड लगायत),

ङ) ठुलो परिमाणमा (२५ हेक्टर भन्दा बढी) बेत, बाँसको रोपण,

च) बाँस, बेतबास र काष्ठजन्य हस्तकला उद्यम,

छ) पल्प,पेपर तथा लोक्ता,अल्लो प्रशोधन सम्बन्धी यद्योग,

ज) जडिवुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्योग, प्राथमिक तथा वित्तिय चरणका प्रशोधन उद्योग स्थापना,

झ) जैविक उर्जा र उर्जा दक्षता सम्बन्धित कार्यक्रम,

ञ) पिलेट, बायोचार, ब्रिकेट आदि उत्पादन,

ट) वनजन्य कच्चा पदार्थमा आधारित उद्योग स्थापनका लागि उपकरण खरिद,

ठ) दुना/टपरी,गुन्द्री ढकिया लगाएत वस्तुहरु उत्पादन सम्बन्धी उद्यम,

ड) काष्ठजन्य भाँडा र वाध्यवाधन उपकरण (जस्तैः-टेकी,आरी,मादल,डमरु सारङगी आदी),

ढ) वनजन्य तथा स्थानिय जिविकोपार्जनमा प्रत्यक्ष प्रभाव पार्ने खालको विरुवा उत्पादन गर्ने नर्सरी(कम्तिमा वार्षिक १ लाख वटासम्म गुणस्तरिय विरुवा उत्पादन गर्नसक्ने) र

ण) लाहा खेती तथा उघम

*नोटः गत आवमा अनुदान पाइ सन्चालन सन्तोषजनकरुपमा भएका र गत आवको अनुदान शिर्षक बाहेक अन्य शिर्षकमा आवश्यक भएमा ।*

३. प्रस्ताव तोकिए वमोजिमको ढाँचामा हुनुपर्नेछ र प्रस्ताव साथमा दर्ता प्रमाणपत्र, नियमन गर्ने निकायको सिफारिस र विस्तृत लागत अनुमान अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४. यस भन्दा अगाडि त्यस उद्यमले हाल प्रस्ताव गर्न खोजेको समान प्रकृतिको कार्यमा अन्य कुनै सरकारी निकायवाट यस अघि अनुदान प्राप्त गरेको भएमा उक्त उद्यमको लागि कुन शिर्षकमा अनुदान प्राप्त गरेको हो र यस आवमा कुन शिर्षकमा किन अनुदान माग गरिएको हो सोको एकिन गरि पेश गर्नुपर्नेछ ।

५. छनोट भएका प्रस्तावहरुको फिल्ड भेरिफिकेशनको आधारमा मन्त्रालयले वास्तविक कुल लागतको बढीमा ५० प्रतिशतमा नबढ्ने गरी गरी अधिकतम रु २० लाख (अक्षरेपी रु वीस लाख रुपैया) मध्ये जुन घटी हुन्छ सोही रकममात्र अनुदानको रुपमा उपलब्ध गराइनेछ ।

६. अनुदान रकम भुक्तानी मन्त्रालय र समूह/संस्थावीच सम्झौता भए पश्चात २ किस्तामा हुनेछ । कामको प्रगति प्रतिवेदन र सोलाई पुष्टाई गर्ने आधार, समितिको निर्णयको आधारमा उपरोक्तानुसार किस्ताबन्दी रुपमा अनुदान रकम भुक्तानि गरिनेछ। अन्तिम किस्ता भुक्तानि गर्दा कार्यसम्पन्न प्रतिवेदन, सम्बन्धित डिभिजन वन कार्यालय र स्थानिय तहको सिफारिस तथा सार्वजनिक सुनुवाई गरेको प्रमाण समेत अनिवार्य पेश गर्नु पर्नेछ । यस्तो रकमको भुक्तानी बैंकिङ प्रणाली मार्फत मात्र गरिनेछ ।

७. मन्त्रालयवाट प्रदत्त अनुदान रकमको समूह/संस्थाले आम्दानी जनाई दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानून अनुसार दर्तावाल लेखापरीक्षकवाट लेखापरीक्षण गराउनु पर्नेछ ।

८. प्रस्ताव पेश गर्दा विवरणहरु तोकिएको ढाँचामा भरी पेश गर्नुपर्नेछ । यसै सुचनाको अनुसुचि १ मा रहेको ढाँचामा तोकिएको मापदण्ड भित्र रही शिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ ।

१०. थप जानकारीको लागि लुम्बिनी प्रदेश सरकारले जारी गरेको अनुदान व्यवस्थापन एकिकृत मार्गदर्शन २०७६, लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयको आ.व. २०८१।८२ को बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि र नेपाल सरकार वन तथा वातावरण मन्त्रालयवाट प्रकाशित वनजन्य उद्यम प्रबर्द्धन तथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि-२०७५ (प्रथम संशोधन-२०७६), वन तथा भु-संरक्षण विभाग र यस मन्त्रालयको वेवसाइट https://moitfe.lumbini.gov.np वाट अध्ययन गर्न सकिनेछ ।

११. पेश भएका प्रस्तावहरुलाई यस मन्त्रालयस्तरिय जडिबुटी तथा काष्ठजन्य उघम विकास सहयोग कार्यक्रम मुल्याङ्कन तथा कार्यान्वयन समितिले निम्न अनुसारका मूल्याङ्कन आधारहरुको मूल्याङ्कन गर्नेछ ।

| आधार | अंङ्क |
|---|---|
| क)कार्यक्रमको आवश्यकता, औचित्य र नतिजा | १० |
| ख)कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत | १० |

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

(प्रभात सापकोटा) महाशाखा प्रमुख

| | |
|---|---|
| ग)कार्यक्रमबाट लाभान्वति हुने जनसंख्या र अनुदानग्राहीको संस्थागत क्षमता | १० |
| घ) बजेटको उपलब्धता र अनुदानग्राहीबाट हुने लागत सहभागिता | १० |
| ङ) मित्यवययिता, पारदर्शि तथा प्रतिस्पर्धा | १० |
| च) लक्षित वर्गको आर्थिक, सामाजिक तथा भौगोलिक अवस्था | १० |
| ज) कार्यक्रमको अपेक्षित नतिजा र दिगोपना | १० |
| झ) अनुदान रकमसँग सम्बन्धित स्पष्ट कार्ययोजना | १० |
| ञ)कार्यअनुभव तथा नविनतम कार्य तथा सोच | १० |
| ट) वातावरणीय दृष्टिकोणले अनुकुल | १० |

१२. मन्त्रालयलाई छनौट भएका अनुदानग्राहीको कार्यान्वयन सन्तोषजनक नलागेमा जनसुकै बखत सम्झौता रद्द गरि भुक्तानी भएको रकम असुलउपर समेत गर्न सक्नेछ र सो सम्बन्धी मन्त्रालयको निर्णयनै अन्तिम हुनेछ ।

१३. अनुदान सम्बन्धी थप जानकारीका लागि मातहतका डिभिजन वन कार्यालयहरु सबै र यस मन्त्रालयको वन उघम तथा पर्यापर्यटन शाखा ( सम्पर्क नं ९७६४३४५६१२) मा सम्पर्क गर्न सकिनेछ ।

१४. यस कार्यक्रमका सन्चालनको लागि पेश हुने प्रस्तावनामा सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस संलग्न राख्नु पर्नेछ साथै रित नपुगेका आवेदन उपर मन्त्रालयले कुनै कार्वाही गर्ने छैन ।

(प्रभात सापकोटा)
महाशाखा प्रमुख

अनुसुचि-१

<u>अनुदानको लागि पेश गर्नपर्ने प्रस्तावको ढाँचा</u>

(प्रभात सापकोटा)
महाशाखा प्रमुख

१) प्रस्तावक तथा उद्यमको नामः

क) प्रस्ताव पेश गर्ने सामुदायिक/सहकारी/निजि/साझेदारी संस्थाको नाम र ठेगानाः

ख) प्रस्ताव पेश गर्ने संस्थाको पदाधिकारीः

नामः ठेगानाः फोन/मोवाईल नं.

२. संस्था बारे संक्षिप्त जानकारी

क. संस्थाको उद्धेश्यहरुः

ख. जनशक्तिको अवस्थाः

ग. अनुभव तथा उपलब्धिहरुः

३.वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनका उद्धेश्यहरुः

४.विस्तृत योजनाको विस्तृत विवरण (Business Plan सहित)

५. प्रस्तावित योजनाको कार्यान्वयनको तरिका/पद्धतिः

६. कार्यक्रम सञ्चानको समय तालिकाः

७.लाभ लागत सम्बन्धी विवरणः (संक्षिप्त व्यवसायिक योजना)

क) अनुमानित कुल लागत (जग्गा वाहेक)

ख) लगानीका स्रोतः

ग) बजेट अनुमानः

घ) लाभ र लागतको विश्लेषणः

छ) सम्पन्न हुने समयः

८. उपकरण खरीदको लागि भए सो को सो को हालको वजार मूल्य, निर्माता कम्पनीको नाम, र अन्य आवश्यक जानकरी

९. भर्नुपर्ने विवरणहरुः

| आधारहरु | सूचकहरु |
|---|---|
| क) वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनवाट लाभान्वित हुने समूह तथा उपभोक्ता (संख्यामा समेत खुलाउने) | |

(प्रभात सापकोटा)
महाशाखा प्रमुख

| | |
|---|---|
| ख) मल्य श्रृंखलामा निर्यातजन्य वा आयात प्रतिस्थापना गर्ने सम्भाव्यता( कस्तो छ भाषामा खुलाउने | |
| ग) उद्यमका परिवेश अनुसार नेपाल सरकार / प्रदेश सरकारलाई प्राप्त हुने राजश्वको संभावना | |
| घ) उद्यमको आकार अनुसार संभाव्य रोजगारी सृजना (पूर्ण र आंशिक) | |
| ङ) प्रविधिमा सुधार वा आधुनिक प्रविधिको प्रयोग(के गर्ने हो खुलाउने) | |
| च) स्थानीय श्रोत र सामाग्रीको प्रयोग (शत प्रतिशत, ५० प्रतिशत भन्दा बढी,५० प्रतिशत भन्दा कम कुन वर्ग हो खुलाउने) | |
| छ) लगानीको तुलनामा अपेक्षित प्रतिफलको अवस्था ( लाभ लागत अनुपात र पारविन्दु (Payback period) उल्लेख गर्ने | |
| ज) वातावरणीय दृष्टिकोणले अनुकूल कुन कुन कारणले अनुकुलन हो खुलाउने | |
| झ) स्थानीय परिवेश अनसार नवीनतम् कार्य ( कस्ता नविनतम हो सो खुलाउने) | |
| ञ) स्थानीय हावापानी, माटो र अन्य आवश्यक साल सम्भाव्य (प्रवल सम्भावनाका मुलभुत कुराहरु उल्लेख गर्ने। | |

१० उघम सन्चालनको लागि नेपाल सरकार/प्रदेश सरकारको परचलित ऐन,नियमको पालना सम्बन्धि जानकारीहरु :

११ अन्य जानकारीहरु:

आवेदक सामुदायिक/सहकारी/निजि/साझेदारी संघ संस्था

नाम: पद

आधिकारीक हस्ताक्षर

संस्थाको छाप

<u>प्रस्तावको साथ संलग्न राख्नु पर्ने कागजजातहरु:</u>

- आवेदन
- नियमन गर्ने निकायको सिफारीस
- बजेट सहीतको बिस्तृत परीयोजना प्रस्तावना(Business Plan, लागत अनुमान, Financial analysis समेत)
- संस्थाको दर्ता सम्बन्धि कागजातहरु
- PAN/VAT सम्बन्धी प्रमाण पत्र
- संस्थाको म्याद रहेको बुझिने प्रमाणपत्र
- कर चुक्ताको प्रमाणपत्र